# प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: प्रदेशभित्र बसोबास गर्ने सर्वसाधारणलाई गुणस्तरीय, सुलभ, दिगो, भरपर्दो, व्यवस्थित र नियमित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराई जनस्वास्थ्य र वातावरणको संरक्षण, संवर्धन र नियमन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभा यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३२ बमोजिम गठित आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले दफा ३२ बमोजिम गठित खानेपानी महसुल निर्धारण आयोग सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले खानेपानी र सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा प्रदान गर्न भौतिक संरचनाको निर्माण वा पून: निर्माण वा विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि संचालित आयोजना तथा पानी प्रशोधनका लागि आवश्यक संयन्त्रहरू समेत सम्झनु पर्छ।

(घ) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेका सेवा प्रदायकलाई समेत जनाउँछ।

(ङ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपभोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(च) "उपभोक्ता संस्था" भन्नाले आपसी सहयोगमा खानेपानी र सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा प्राप्त गर्न वा गराउन प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा स्थापित उपभोक्ताहरूको संस्था सम्झनु पर्छ।

(छ) "उपयोगकर्ता" भन्नाले खानेपानी र सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(ज) "खानेपानी सेवा" भन्नाले खानेपानीको उत्पादन, सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी

आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दीरुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक, व्यापारिक वा औद्योगिक संस्थाहरुमा गरिने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुमा औद्योगिक उपयोग बाहेक अन्य काममा गरिने खानेपानीको उपयोगलाई समेत जनाउँछ।

(ञ) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सामूहिक वा सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले आगो नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थलहरुमा प्रयोग गरिने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(ट) "ग्राहक" भन्नाले सेवा प्रदायकबाट खानेपानी र सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा प्राप्त गर्न दर्ता भएको व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(ठ) "घरेलु उपयोग" भन्नाले पिउन, हात–मुखधुन, नुहाउन, खाना पकाउन, लुगा धुन, घरपालुवा जनावरलाई खुवाउन करेसाबारीमा प्रयोग गर्न, चर्पीमा प्रयोग गर्न वा यस्तै अन्य घरायसी कामको लागि गरिने खानेपानीको उपयोग सम्झनु पर्छ।

(ड) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहितको फोहर पानीलाई सतही वा भूमिगत ढल प्रणालीबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ।

(ढ) "निगरानी (सर्भिलेन्स)" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रवाहका क्रममा गुणस्तरको सुनिश्चिततामा पर्न सक्ने तलमाथि बाट जनस्वास्थ्यमा पर्न सक्ने असरलाई ध्यानमा राखी सेवाको उपयोग र त्यसको गुणस्तर सम्बन्धमा नियमित रुपमा सूचना संकलन गरी विश्लेषण गर्ने र प्राप्त नतिजाका आधारमा सुधारका लागि पृष्ठपोषण दिने कार्य सम्झनु पर्छ।

(ण) "फोहरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक र संस्थागत उपयोग पश्चात निस्काशन हुने मानव मलमूत्र सहित वा रहित फोहरपानी सम्झनु पर्छ र सो शब्दले सोसंग मिसिएर आउने वर्षातको पानी समेतलाई जनाउँछ।

(त) "मन्त्रालय" भन्नाले खानेपानी तथा सरसफाइ सम्बन्धी विषय हेर्ने प्रदेशस्तरीय मन्त्रालय सम्झनु पर्छ।

(थ) "स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निस्सृत हुने नदी, खोला, ताल, पोखरी, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले मानव निर्मित पानीको आपूर्ति गर्न निर्मित संरचनाहरू समेतलाई जनाउँछ।

(द) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरण स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन केन्द्र तथा

सार्वजनिक शौचालयको निर्माण, विकास, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्य समेतलाई जनाउँछ ।

(ध) "सेवा" भन्नाले खानेपानी तथा सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा सम्झनु पर्छ ।

(न) "सेवा प्रणाली" भन्नाले उपभोक्तालाई खानेपानी वा सरसफाइ सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण वा जडान गरिएको पानीको मुहान, पानी वा ढलका पाइप, जलभण्डारण संरचना, जलाशय, सार्वजनिक शौचालय, पानी वा फोहरपानी प्रशोधन संयन्त्र, ढल निस्कासन संयन्त्र वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवा वा ढल निकास सेवासँग आबद्ध भएको घर वा जग्गा समेतलाई जनाउँछ ।

(य) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(र) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## खानेपानीको स्रोत माथिको अधिकार र संरक्षण सम्बन्धी व्यवस्था

३. खानेपानी तथा सरसफाइको अधिकार: (१) प्रदेशभित्रका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ:–

(क) स्वच्छ खानेपानी पहुँचको अधिकार,

(ख) नियमित रुपमा खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) सरसफाइमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

४. खानेपानीको स्रोतमाथिको अधिकार: (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रदेशभित्रका पानीको स्रोतमाथि प्रदेशको अधिकार हुनेछ।

(२) कुनै व्यक्ति वा संस्थाको निजी जग्गामा रहेको पानीको स्रोतमा त्यस्तो व्यक्ति वा संस्थाले परम्परागतरुपमा उपयोग गर्दै आएको पानीको यथोचित परिमाणको हदसम्मको पानीमा त्यस्तो व्यक्ति वा संस्थाको अधिकार निहित रहनेछ।

तर सतहगत पानीको स्रोतको हकमा त्यस्तो स्रोतको समुचित विकास गरी सो स्रोतबाट अन्यव्यक्ति वा समुदायलाई खानेपानी सेवा प्रदान गर्न पर्ने भएमा बाँकी पानी अन्यत्र स्थानान्तरण गर्न वा अरुलाई उपयोग गर्न दिन बाधा पर्ने छैन।

(३) कुनै व्यक्ति वा समुदायले परम्परागत रुपमा घरेलु प्रयोजनको लागि उपयोग गर्दै आएको खानेपानीमा सोही प्रयोजनको लागि त्यस्तो व्यक्ति वा समुदायको अग्राधिकार रहनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि स्रोतको पानी एक ठाउँबाट अर्को ठाँउमा स्थानान्तरण गर्नुपर्ने भएमा त्यस्तो पानीको स्थानान्तरणबाट वातावरण तथा पर्यायवरणमा सारभूत रुपमा नकारात्मक प्रभाव नपर्ने गरी आवश्यक न्यूनतम पानी छोडेर मात्र स्थानान्तरण गर्नु पर्नेछ।

(५) कुनै पनि पानीको स्रोतको पानी एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्दा वातावरण तथा पर्यावरणमा सारभूत रुपमा नकारात्मक प्रभाव नपर्ने कुराको निक्यौल प्रचलित कानून बमोजिम पानीको स्रोतको उपयोग गर्न अनुमति दिने निकायले गर्नेछ।

५. <u>खानेपानीको स्रोत तथा मुहानको संरक्षण</u>: (१) पानीको स्रोत तथा मुहानको संरक्षण नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा हुनेछ।

(२) उपदफा (१) बमोजिम स्रोत संरक्षण गर्ने प्रयोजनको लागि प्रदेशले देहायका कुनै वा सबै काम गर्न सक्नेछ :-

(क) पानीको स्रोतको संरक्षणकोलागि बाढी पहिरोको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदूषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने एवम् तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, सम्वर्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवा प्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सेवा प्रदायकले सेवा प्रदान गर्दा आफूले उपयोग गर्ने खानेपानीको मुहान तथा सो को जलाधार क्षेत्रको संरक्षण सम्बन्धमा सम्बन्धित स्थानीय तहसंग समन्वय गरी आवश्यक र उपयुक्त व्यवस्था गर्नुपर्नेछ।

(४) प्रचलित कानून बमोजिम खानेपानीको स्रोतको उपयोग गर्न अनुमति दिने निकायले त्यस्तो अनुमति दिदा सो मुहानको प्रत्यक्ष प्रभावक्षेत्रको चारकिल्ला तोकेर मात्र दिनु पर्नेछ।

(५) यो ऐन लागू हुनु अघिदेखि निर्माणाधीन खानेपानी आयोजना वा सञ्चालनमा रहेका खानेपानी सेवाप्रणालीसँग सम्बन्धित संस्था वा निकाय वा सेवाप्रदायकले यो ऐन लागू भएको दुई वर्षभित्र उपदफा (४) बमोजिम प्रत्यक्ष प्रभावक्षेत्र तोक्न लगाई सक्नु पर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम तोकिएको चारकिल्ला भित्र कसैले पनि मुहानको पानीको परिमाण, गुणस्तर वा प्रवाहमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै काम गर्नु गराउन हुँदैन।

(७) उपदफा (४) र (५) बमोजिम प्रत्यक्ष प्रभावक्षेत्र तोकिंदा सम्बन्धित संस्था वा निकाय वा सेवाप्रदायकलाई आवश्यक परे प्रदेश सरकारले प्रचलित कानून बमोजिम निजी घर, जग्गा अधिग्रहण गराईदिन सक्नेछ।

(८) उपदफा (७) बमोजिम घर, जग्गा अधिग्रहण गराई दिंदा कसैलाई कुनै प्रकारले हुने हानी नोक्सानीको क्षतिपूर्तिसमेत दिलाई दिनु पर्नेछ।

(९) उपदफा (४) र (५) बमोजिम प्रत्यक्ष प्रभावक्षेत्र तोक्ने कार्य प्रचलित कानून बमोजिम पानीको स्रोतको उपयोग गर्न अनुमति दिने निकायको हुनेछ।

६. आयोजना निर्माण गर्न स्वीकृति लिनुपर्ने: (१) कसैले पनि आयोजनाको निर्माण गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त नगरी आयोजनाको निर्माण गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम स्वीकृति प्रदान गर्ने निकायले त्यस्तो स्वीकृतिको तोकिए बमोजिमको विवरण विभाग वा विभागले तोकेको अधिकारी समक्ष उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाका बखत कुनैपनि सरकारी निकाय, संस्था वा व्यक्तिले कुनै आयोजनाको निर्माण गरी रहेको भएमा वा निर्माण सम्पन्न भई सञ्चालनमा रहेको भएमा यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र आयोजना वा सेवाप्रणाली सम्बन्धी तोकिए बमोजिमको विवरण विभाग वा विभागले तोकेको अधिकारी तथा स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले परम्परादेखि उपयोग गरी रहेको स्रोतको पानीलाई सोही मात्रामा निजी प्रयोगको लागि व्यवस्थित गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

७. पानीको स्रोत उपयोग गर्न अनुमति लिनुपर्ने: (१) खानेपानी आयोजना निर्माण गर्दा पानीको स्रोत उपयोग गर्नको लागि प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनुपर्नेछ।

(२) सञ्चालनमा रहेका खानेपानी सेवाप्रणालीको पानीको स्रोतको हकमा सेवा प्रणाली हस्तान्तरण वा सम्झौता गरी लिंदा भएको हस्तान्तरण वा सञ्चालन सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

८. <u>मानव मलमूत्र लगायत फोहरपानी विसर्जन गर्न अनुमति लिनु पर्ने</u>: (१) सरसफाइ आयोजना निर्माण गर्दा मानव मलमूत्र लगायत फोहरपानीलाई सतही वा भूमिगत पानीको स्रोतमा वा कृषियोग्य वा अन्य जमिनमा विसर्जन गर्नको लागि तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

तर कसैले आफनो घरपरिसरको फोहरपानी आफ्नै घरपरिसरमा भूमिगत सोचन विधिबाट वा कृषि योग्य जमिनमा विसर्जन गर्न यस्तो अनुमति लिइरहनु पर्ने छैन।

(२) सञ्चालनमा रहेका सरसफाइ सेवाप्रणालीको फोहरपानीलाई कुनै नदी, ताल, जलाशय, जलभण्डार वा कृषि योग्य वा अन्य जमिनमा विसर्जन गर्नुपर्दाका त्यसरी सञ्चालन गर्ने गरी सेवाप्रणाली हस्तान्तरण वा सम्झौता गरी लिंदा भएको हस्तान्तरण वा संचालन सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## <u>आयोजना निर्माण तथा सञ्चालन सम्बन्धी व्यवस्था</u>

९. <u>आयोजना निर्माण गर्दा सेवा क्षेत्र तोक्नुपर्ने</u>: कुनैपनि निकायले आयोजना निर्माण गर्दा तोकिए बमोजिमको मापदण्डको आधारमा सो आयोजनाले ओगट्ने सेवाक्षेत्र तोक्नु पर्नेछ र आयोजनाको सामाजिक, आर्थिक तथा प्राविधिक सम्भाव्यता अध्ययन र वातावरणीय मूल्यांकन गर्दा त्यसरी तोकिएको सेवाक्षेत्रलाई आधार लिइनेछ।

१०. <u>बिना भेदभाव सेवा उपलब्ध गराउनुपर्ने</u>: (१) आयोजना वा सेवाप्रणाली निर्माण तथा संचालन गर्दा सेवाक्षेत्रका सबै वासिन्दाले बिना भेदभाव सेवा पाउन सक्ने उचित र आवश्यक व्यवस्था गर्नु पर्नेछ।

तर आर्थिक रुपले बिपन्न व्यक्ति वा घरधुरीलाई धारा जडान, चर्पी निर्माण, ढल जडान शुल्क तथा सेवा महसूल आदिमा दिइएको सहुलियतलाई भेदभाव गरेको मानिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि औद्योगिक, व्यापारिक वा व्यावसायिक वा संस्थागत उपभोक्तालाई खानेपानी उपलब्ध गराउँदा पानीको परिमाणात्मक उपयोग तथा पानी उपयोग गरे पश्चात निस्कने फोहरपानीको व्यवस्थापन सम्बन्धमा त्यस्तो उद्योग वा व्यावसायिक संस्थासँग छुट्टै सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ।

११. <u>आयोजना बर्गीकरण गरी निर्माण गर्न सकिने</u>: (१) यो ऐन लागू भएपछि निर्माण हुने आयोजनाको हकमा त्यस्तो आयोजनाको निर्माणलागत, सेवास्तर, सेवाक्षेत्र, आयोजनाको किसिम वा प्राविधिक जटिलता तथा भौगोलिक अवस्थिति समेत विचार गरी प्रदेश सरकारले आयोजनाको बर्गीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गिकरण गर्ने तथा आयोजना कार्यान्वयन सम्बन्धमा अवलम्बन गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

१२. <u>स्थानीय तहसँग समन्वय गर्नु पर्ने</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कसैले पनि आयोजना निर्माण, सञ्चालन र व्यवस्थापन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गरेर गर्नु पर्नेछ।

(२) आफ्नो भौगालिक क्षेत्रभित्र निर्माण वा सञ्चालन भइरहेका आयोजना वा सेवाप्रणालीको अनुगमन गरी आवश्यक समन्वय र सहयोग गर्ने तथा सेवा सञ्चालन सुचारु गर्नु गराउनु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

१३. <u>प्रदेश सरकारले आयोजना निर्माण गर्न सक्ने</u>: (१) प्रदेशमा रहेका सबै बासिन्दाहरूलाई सुपथ मूल्यमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउनु प्रदेश सरकारको दायित्व हुनेछ।

(२) प्रदेश सरकारले तोकिए बमोजिम विभाग वा अन्य सरकारी निकायमार्फत आयोजना कार्यान्वयन गर्न गराउन सक्नेछ।

(३) आयोजना कार्यान्वयन गर्दा तोकिए बमोजिम उपभोक्ता वा सम्बन्धित स्थानीय तहको लागत सहभागिता गराउन सकिनेछ।

(४) अन्य कुनै निकायले आयोजनाको विकास तथा निर्माण गर्ने वा गराउने भएमा विभागले आवश्यक सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

(५) कुनैपनि निकायले खानेपानी आपूर्ति वा ढल व्यवस्थापन गराउने उद्देश्यले आयोजना कार्यान्वयन गर्दा खानेपानी शुद्धिकरण वा ढल प्रशोधन गर्ने संयन्त्र समेत जडान गरी एकीकृत रुपमा आयोजना कार्यान्वयन गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम विभागले आयोजना कार्यान्वयन गर्दा अवलम्बन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

१४. <u>स्थानीय तहले आयोजनाको निर्माण तथा सञ्चालन गर्न सक्ने</u>: (१) स्थानीय तहले आफनो प्रशासनिक क्षेत्रभित्र तोकिए बमोजिमको स्तर वा वर्गीकरण अनुसारको खानेपानी वा सरसफाइ सेवा पुर्‍याउनका लागि आयोजना कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले आयोजना कार्यान्वयन गर्दा सो कुराको जानकारी विभाग वा विभागले तोकेको अधिकारीलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आयोजना निर्माण सम्पन्न भएपछि सम्बन्धित स्थानीय तहले आफैले वा उपभोक्ता संस्था गठन गरी वा कुनै सेवा प्रदायकबाट सेवा सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय तहले सेवा सञ्चालन गर्दा सेवा प्रदायकलाई लागू हुने शर्तहरु लागू हुनेछन्।

१५. <u>अन्य निकायले आयोजनाको निर्माण तथा संचालन गर्न सक्ने</u>: (१) कुनै पनि सहकारी, सामुदायिक वा गैर सरकारी संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी सेवा उपलब्ध गराउने प्रयोजनको लागि तोकिए बमोजिम स्वीकृति लिई आयोजना निर्माण गरी सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्नु अघि विभाग वा विभागले तोकेको अधिकारीबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

१६. <u>सार्वजनिक निजी साझेदारीमा आयोजना निर्माण तथा सेवा सञ्चालन गर्न सकिने</u>: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विभाग वा कुनै सरकारी निकाय वा सम्बन्धित स्थानीय तहले प्रचलित कानूनको

अधिनमा रही सार्वजनिक निजी साझेदारीमा आयोजनाको विकास, निर्माण तथा सेवा सञ्चालन गर्न गराउन सक्नेछ।

१७. पृथक पृथक (अनबण्डलिङ्ग) गरी आयोजना निर्माण तथा सेवा सञ्चालन गर्न सकिने: (१) कुनै पनि सेवाप्रणालीका विभिन्न संरचनाहरू पृथक पृथक रूपमा विभक्त गरी तिनको निर्माण एवम् सञ्चालन पृथक पृथक संस्था वा सेवा प्रदायकहरू मार्फत गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम पृथक पृथक रूपमा संचालित सेवा प्रणालीका संचालकहरूले आपसी सम्झौता गरी संयुक्तउपक्रम (कन्सोर्टियम) बनाउन वा मूल सेवाप्रदायक संग सम्झौता गरी आपसी निर्माण तथा सेवा सञ्चालन गर्न सक्नेछन्।

१८. सम्पन्न आयोजनाको सेवा प्रणालीको स्वामित्व र सञ्चालन: (१) विभाग वा अन्तर्गतका अन्य कुनै सरकारी निकायले निर्माण गरेको आयोजना प्रदेश सरकारको स्वामित्वमा रहनेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका आयोजनाको विभिन्न संरचनाहरू सहितका चल अचल सम्पत्तिको स्वामित्व आफैमा वा स्थानीय तहमा निहित रहने गरी तोकिए बमोजिम सम्बन्धित स्थानीय तह वा उपभोक्ता संस्था वा अन्य कुनै संस्थालाई सञ्चालन, व्यवस्थापन तथा भोगचलनका लागि हस्तान्तरण गर्न सक्नेछ।

(३) आयोजना निर्माण गर्ने अन्य कुनै निकाय वा संस्था आफैले सेवा प्रणाली सञ्चालन गरी सेवा प्रदान गर्ने नभएमा त्यस्ता आयोजनाहरुको स्वामित्व पूर्व सहमति बमोजिम सम्बन्धित स्थानीय तह वा उपभोक्ता संस्थामा हस्तान्तरण गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम भोगचलनका लागि हस्तान्तरण गरिएका आयोजनाको भोगचलन अवधी तोकिए बमोजिम हुनेछ।

१९. सेवाप्रदायक कानुनी रूपमा संगठित संस्था हुनुपर्ने: (१) सेवा प्रदायक प्रचलित कानून बमोजिम संगठित संस्थाको रूपमा दर्ता भएको हुनु पर्नेछ।

(२) सेवाप्रदायकले त्यस्तो सेवा सञ्चालन गर्नु अघि तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) सेवाप्रदायक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## टयाङ्कर तथा बोतलबन्दी खानेपानी सेवा सञ्चालन सम्बन्धी व्यवस्था

२०. टयाङ्करबाट खानेपानी सेवा प्रदान गर्ने सम्बन्धी व्यवस्था: (१) खानेपानीको पर्याप्त आपूर्ति नभएको वा खानेपानी सेवा उपलब्ध नभएको ठाउँमा टयाङ्करबाट खानेपानी सेवा उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम ट्याङ्करबाट खानेपानी सेवा उपलब्ध गराउन चाहने सेवाप्रदायकले तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुंदाका बखत ट्याङ्करबाट खानेपानी सेवा उपलब्ध गराईरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको छ महिनाभित्र तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम अनुमति प्राप्त सेवाप्रदायकले आफ्नो सेवाक्षेत्रभित्र ट्याङ्करबाट खानेपानी सेवा उपलब्ध गराउन यसै ऐन अन्तर्गत अनुमति लिए सरह मानिनेछ।

(५) ट्याङ्करबाट खानेपानी सेवा प्रदान गर्ने वा बिक्री गरिने खानेपानीको गुणस्तर, स्वीकृति दिने कार्यविधि र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. <u>जार वा बोतलबन्दी खानेपानीको बिक्री वितरण सम्बन्धी व्यवस्था</u>: (१) कसैले पानी प्रशोधन गरी जार वा बोतलबन्दी गरी खानेपानी प्रयोजनका लागि बिक्री वितरण गर्न चाहेमा तोकिएको प्रक्रिया पूरा गरी तोकिएको अधिकारीको पूर्वस्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि जार वा बोतलबन्दी गरी खानेपानी बिक्री वितरण गर्न प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा दर्ता भएको हुनु पर्नेछ।

(३) जार वा बोतलबन्दी गरी बिक्री गरीने खानेपानीको गुणस्तर, स्वीकृति दिने कार्यविधि र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद– ५

## सेवा सञ्चालन सम्बन्धी व्यवस्था

२२. <u>सेवा प्रणाली व्यवस्थापन करारमा लिन दिन सकिने</u>: (१) निर्माण सम्पन्न भएको खानेपानी वा सरसफाइ सम्बन्धी सेवाप्रणाली कुनै संगठित संस्थाले व्यवस्थापन करारमा लिई संचालन गर्न चाहेमा उपभोक्ताको हितमा प्रतिकूल असर नपर्ने गरी तोकिए बमोजिम सेवाप्रणाली व्यवस्थापन करारमा दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो सेवाप्रणाली उपभोक्ता संस्थाले व्यवस्थापन करारमा लिई सञ्चालन गर्न चाहेमा उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापन करारमा लिई सेवा प्रणाली सञ्चालन गर्ने संस्थाको काम, कर्तव्य र दायित्व सेवाप्रदायक सरह हुनेछ।

२३. <u>पिउनयोग्य पानी आपूर्ति गर्नुपर्ने</u>: (१) सेवाप्रदायकले खानेपानी सेवा प्रदान गर्दा सेवाप्रणालीबाट आपूर्ति गरिने पानी प्रदेश सरकारले तोकेको गुणस्तर कायम गरी वितरण गर्नु पर्नेछ।

(२) कुनै होटल, रेष्टुरेण्ट, अतिथिगृह, धर्मशाला वा समारोह स्थल आदि जस्ता सार्वजनिक स्थलमा सामाजिक वा परोपकारी कार्यका रूपमा निःशुल्क उपलब्ध गराईने खानेपानीको गुणस्तर प्रदेश सरकारले तोके बमोजिम हुनु पर्नेछ।

२४. <u>सेवा प्रदायकले आवश्यक शर्त तोक्न सक्ने</u>: (१) सेवा प्रदायकले आफूले प्रदान गर्ने सेवालाई नियमित र व्यवस्थित गर्न आवश्यक शर्तहरु तोक्न सक्नेछ।

तर यसरी शर्तहरु तोक्दा प्रचलित कानून तथा उपभोक्ताको हित विपरित हुने गरी तोक्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्तहरुको पालन गर्नु उपभोक्ताको कर्तव्य हुनेछ।

२५. <u>धारा तथा मिटर जडान</u>: (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको शुल्क लिई तोकिएको समयभित्र धारा तथा मिटर जडान गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राविधिक कारणले कुनै सेवाक्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ ।

(४) धारा तथा मिटर जडान सम्बन्धी लाग्ने शुल्क र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. <u>ढल सेवा प्राप्त गर्ने</u>: (१) यस ऐन बमोजिम ढल सेवा प्राप्त गर्न चाहने उपभोक्ताले सम्बन्धित सेवा क्षेत्रको अनुमतिपत्र प्राप्त संस्थामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि अनुमतिपत्र प्राप्त संस्थाले ढल निकासको लागि तोकिएको शुल्क लिई तोकिएको समयावधि भित्र ढल निकासको व्यवस्था गरिदिनु पर्नेछ ।

(३) ढल सेवा प्रदान गर्ने र ढल दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>औद्योगिक उपयोगको लागि खानेपानीको व्यवस्था</u>: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक उपयोगको लागि सामान्यतया: खानेपानी आपूर्तिको व्यवस्था औद्योगिक संस्था आफैले गर्नुपर्नेछ।

तर सेवा प्रदायक सक्षम भएमा औद्योगिक संस्था र सेवा प्रदायक बीच सहमति गरी सेवा लिन दिन बाधा पर्ने छैन।

२८. <u>निजी वा सार्वजनिक जग्गामा पाइप बिछ्याउन वा अन्य संरचना बनाउन सक्ने</u>: (१) अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिछ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाईप बिछ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको निजी जग्गामा साविकदेखि बिच्छ्याईएको पाईप वा निर्माण भइसकेको संरचनाको मर्मत संभार, विस्तार वा पुनर्स्थापना गर्न र निजी जग्गाको भोगचलनमा बाधा नपर्ने गरी नयाँ पाइपलाइन बिछ्याउन सकिनेछ ।

(४) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

(५) अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा संचालनका लागि बिच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी वा सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले सोको उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

२९. <u>घर जग्गामा प्रवेश गर्न सक्ने</u>: (१) अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको कुनै कर्मचारीले कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्व सूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न कर्मचारीले सम्बन्धित घरजग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्न हुँदैन ।

(४) उपदफा (२) बमोजिम घर जग्गामा प्रवेश गरी कार्य गर्ने कर्मचारीले कुनै हानी नोक्सानी गरेको पाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित व्यक्तिलाई मनासिब क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

३०. <u>सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा</u>: (१) आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद-६

## महसुल र सेवा शुल्क सम्बन्धी व्यवस्था

३१. **महसुल निर्धारणः** (१) प्रदेश भित्र खानेपानी उपलब्ध गराउने सेवा प्रदायक संस्थाले सर्वसाधरणलाई पुऱ्याएको गुणस्तरीय खानेपानीको उचित महसुल तथा सेवा शुल्क निर्धारण गरी गुणस्तरीय खानेपानीको आपूर्ति गराई उपभोक्ता र सेवा प्रदायकको हित संरक्षण गर्न प्रत्येक तीन वर्षमा खानेपानीको महसुल निर्धारण तथा समायोजन हुनेछ।

(२) उपदफा (१) बमोजिम महसुल तथा सेवा शुल्क निर्धारण तथा समायोजन हुन सेवा प्रदायकले मन्त्रालय समक्ष गरेको प्रस्ताब तथा सर्वसाधरणको खानेपानी आपूर्ति माग समेतका आधारमा उपयुक्त महसुल निर्धारण गर्न मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले देहाय बमोजिम महसुल निर्धारण आयोग गठन गर्न सक्नेछ :-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सार्वजनिक वा निजी संस्थामा व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको तथा सम्बन्धित विषय क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले नियुक्ति गरेको एक जना -सदस्य

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेका तथा सम्बन्धित क्षेत्रमा दश वर्षको अनुभव प्राप्त गरेका महिला, दलित वा जनजाति मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको एक जना -सदस्य

(३) उपदफा (२) बमोजिमको आयोगले कार्यभार प्रारम्भ गरको मितिले बढीमा तीन महिना भित्र महसुल निर्धारण र समायोजन सम्बन्धी कार्य सम्पन्न गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आयोगले महसुल निर्धारण सम्बन्धी कार्य सम्पन्न गरे पश्चात आयोगको कार्य अवधि स्वत समाप्त हुनेछ ।

(५) आयोगले कार्य सम्पन्न गरे पश्चात आफुले गरेको कार्यहरुसँग सम्बन्धी निर्णय लगायतका अभिलेखहरु मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(६) आयोग गठन भए पश्चात कार्य अवधि सम्म आयोगका अध्यक्ष र सदस्यहरुले प्राप्त गर्ने पारिश्रमिक तथा सुविधा नियुक्ति हुदाँको बखत प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(७) आयोग बैठक, निर्णय र कार्यप्रक्रिया सम्बन्धी कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) आयोगले कार्य प्रारम्भ गर्दा देखिनै आयोगलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ ।

३२. <u>महसुल तथा सेवा शुल्क निर्धारण गर्ने आधार</u>: (१) आयोगले खानेपानी सेवा तथा सरसफाइ सेवा महसुलको निर्धारण गर्दा ह्रास कट्टी, उपयुक्त लाभ, सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन, खानेपानी तथा सरसफाइ सेवाको सम्बन्धमा प्रदेश सरकारको नीति, विदेशी मुद्राको विनिमय दर तथा तोकिए बमोजिमका आधारमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा आयोगले उपभोक्ताको बृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ ।

(३) महसुल निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. <u>महसुल, सेवा शुल्क एवं सहुलियत सम्बन्धी व्यवस्था</u>: (१) महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम उपभोक्ताले सेवा प्रदायक संस्थालाई खानेपानी सेवा तथा सरसफाई सेवा उपयोग गरे बापत महसुल तथा सेवा शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा प्रदायक संस्थाले विपन्न घरधुरीमा धारा जडान, शौचालय निर्माण, ढल जडान बापतको शुल्क तथा महसुल लगायत सेवामा तोकिए बमोजिम सहुलियत दिन सक्नेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "बिपन्न घरधुरी" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको भनी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको व्यक्तिको घर सम्झनु पर्छ ।

३४. <u>असुल उपर गर्ने</u>: यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल, तथा सेवाशुल्क बापतको रकम नबुझाउने उपभोक्ताबाट सेवा प्रदायक संस्थाले प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

३५. <u>मिनाहा दिन सक्ने</u>: प्रदेश सरकारले प्रदेश राजपत्रमा तथा स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी विषम परिस्थितिका कारणले कुनै खास क्षेत्रका उपभोक्ताले खानेपानीको महसुल तिर्न असमर्थ भएमा वा सीमान्तकृत समुदायको लागि जडान भएको सामूहिक खानेपानीको धारामा लाग्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "विषम परिस्थिति" भन्नाले कुनै प्रकोपको कारण खानेपानी सेवा सञ्चालन नभएको वा सीमित मात्रामा सञ्चालन भएको अवस्थालाई जनाउँछ ।

## परिच्छेद –७

## <u>सेवा प्रणाली एवम् सेवास्तरको अनुगमन, सुपरिवेक्षण तथा नियमन सम्बन्धी व्यवस्था</u>

३६. सेवाप्रदायकले प्रदान गरेको सेवाको अनुगमन, मूल्याङ्कन तथा नियमनः मन्त्रालयले सेवाप्रदायकले प्रदान गरेको खानेपानी तथा सरसफाइ सेवाको गुणस्तरको नियमन गर्नेछ।

३७. सेवाप्रदायकले नियमन गर्ने निकायलाई नियमित प्रतिवेदन गर्नुपर्नेः (१) सेवाप्रदायकले आफूले सञ्चालन गरेको खानेपानी तथा सरसफाइ सेवाको नमूना परीक्षणको प्रतिवेदनको अभिलेख नियमित रूपमा राख्नुपर्नेछ।

(२) सेवाप्रदायकले खानेपानी तथा सरसफाइ सेवा प्रवाहका क्रममा उपदफा (१) अनुसार राखेको अभिलेखको विभागले जुनसुकै वखत निरीक्षण गर्न सक्नेछ। सो कार्यमा सेवाप्रदायकले आवश्यक सहयोग गर्नु पर्नेछ।

## परिच्छेद–८

## गुणस्तरमानक तथा मापदण्ड सम्बन्धी व्यवस्था

३८. खानेपानीको गुणस्तरको मापदण्ड तोक्न सक्नेः (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सेवा प्रदायकले उपभोक्तालाई आपूर्ति गर्ने खानेपानीको गुणस्तरको मापदण्ड तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकेको मापदण्ड प्रदेश सरकारले आवश्यकता अनुसार पुनरावलोकन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम प्रदेश सरकारले तोकेको मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३९. विसर्जन गरिने फोहरपानीको गुणस्तर तोक्न सक्नेः (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सेवाप्रदायकले घरायसी वा शहरी फोहरपानी सतहगत वा भूमिगत पानीको स्रोतमा वा कृषियोग्य जमिनमा विसर्जन गर्दा वा औद्योगिक फोहोरपानी ढलनिकास प्रणालीमा मिसाउँदा कायम राख्नुपर्ने गुणस्तरको मापदण्ड तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तरको मापदण्ड तोक्दा फरक-फरक भौगोलिक क्षेत्र वा स्थानको लागि फरक-फरक मापदण्ड तोक्न र चरणबद्ध रूपमा लागू गर्न सकिनेछ।

## परिच्छेद -९

## कसूर तथा सजाय सम्बन्धी व्यवस्था

४०. कसूरः कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) खानेपानी वा सरसफाइ सेवामा बाधा अवरोध पुर्‍याउने उद्देश्यले सेवाप्रणालीमा असर पर्ने गरी त्यसको कुनै संरचना भत्काउने, संरचनामा जडित पाईप, सामान तथा उपकरण चोरी गर्ने, बिगार्ने वा नष्ट गर्ने जस्ता कार्य गरेमा,

(ख) आयोजना निर्माणमा बाधा अवरोध पुऱ्याउने उद्देश्यले आयोजनासँग सम्बन्धित कुनै संरचना,पाईप तथा जडित उपकरण वा पूर्वाधार भत्काउने वा बिगार्ने वा हटाउने वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा,

(ग) जलाधार क्षेत्रभित्र खानेपानी प्रदूषित हुने वा पानीको परिमाण वा प्रवाहमा असर पर्ने कुनै कार्य गरेमा,

(घ) मापदण्डमा तोकिएको गुणस्तर विपरित हुने गरी कसैले औद्योगिक फोहरपानी ढल निकास प्रणालीमा विसर्जन गरेमा,

(ङ) सेवाप्रदायकले फोहरपानी विसर्जन गर्दा निर्धारित मापदण्ड पुरा नगरी जलाशय वा जमिनमा विसर्जन गरेमा,

(च) सेवाप्रदायकले प्रदेश सरकारले तोकेको मापदण्ड अनुसार सेवास्तर कायम नगरेमा,

(छ) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा,

(ज) सेवा प्रदान गर्ने प्रयोजनको लागि जडित धारा, मिटर वा अन्य त्यस्तै उपकरण बिगार्ने वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा,

(झ) निजी धारा जडान भएको हकमा जडान गरीदिएको मिटरभन्दा अगाडि नै पाईपलाईनको कुनै पनि खण्डमा ग्राहक वा उपभोक्ताले सेवाप्रदायकको स्वीकृति बिना कुनै अवाञ्छित फाइदा लिने उद्देश्यले कुनै कार्य गरेमा,

(ञ) सेवाप्रदायकले आयोगले निर्धारण गरेको महसुल लागू नगरेमा, आयोगले निर्धारण गरेको भन्दा बढी महसुल उठाएमा वा स्वीकृत मापदण्ड विपरीत असमान महसुल लगाएमा,

(ट) उपभोक्ताले दिएको उजुरी उपर सेवाप्रदायकले मनासिब कारबाही नगरेको कुरा उपभोक्ताले प्रमाणित गरेमा,

(ठ) कुनै उपभोक्ताले दु:ख दिने अभिप्रायले सेवाप्रदायक विरुद्ध झुट्टा उजुरी गरेको प्रमाणित भएमा,

(ड) खानेपानीको पाइपलाइनबाट कुनै यन्त्र जडान गरी पानी तान्ने कार्य गरेमा,

(ढ) जार वा बोतल बन्दी खानेपानी आपूर्तिकर्ताले तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगरेमा,

(ण) ट्याङ्करबाट खानेपानी आपूर्ति गर्ने आपूर्तिकर्ताले तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगरेमा,

(त) दफा ३७ बमोजिमको नियामक निकायले जारी गरेको आदेशको पालना नगरेमा,

(थ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

४१. सजाय: कसैले यस ऐनमा उल्लिखित कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछ:-

(क) दफा ४० को खण्ड (क) वा (ख) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(ख) दफा ४० को खण्ड (ग) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पच्चीस हजार रुपैयाँ सम्म जरिवाना गरी त्यसरी पुऱ्याएको असर वा प्रदूषण रोक्न लगाउन एवम् हुन गएको क्षति बराबरको रकम समेत भराई दिन सक्नेछ।

(ग) दफा ४० को खण्ड (घ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना गरी मापदण्ड अनुसारको गुणस्तर कायम नगरेसम्म ढल सेवा बन्द गर्न गराउन सक्नेछ।

(घ) दफा ४० को खण्ड (ङ वा च) बमोजिमको कसूर गर्ने सेवाप्रदायकलाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँ सम्म जरिवाना गरी त्यस्तो कार्य बन्द गराउन सक्नेछ;

(ङ) दफा ४० को खण्ड (छ, ज, झ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना गरी त्यस्तो कार्य बन्द गराउन सक्नेछ र सो कसुरबाट सेवाप्रदायक वा अरु कसैलाई कुनै हानी नोक्सानी भएको रहेछ भने सो समेत भराई दिनु पर्नेछ।

(च) दफा ४० को खण्ड (ञ) बमोजिमको कसूर गर्ने सेवाप्रदायकलाई आयोगले त्यस्ता सेवाप्रदायकलाई कसुरको मात्रा हेरी पचास हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(छ) दफा ४० को खण्ड (ट, ठ, ड) बमोजिमको कसूर गर्ने व्यक्ति वा संस्थालाई दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ।

(ज) दफा ४० को खण्ड (ढ) बमोजिमको कसूर गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त कसूरको मात्रा हेरी एक लाख देखि दश लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(झ) दफा ४० को खण्ड (ण, त, थ) बमोजिमको कसूर गर्ने व्यक्ति वा संस्थालाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

४२. <u>क्षतिपूर्ति भराई दिनसक्ने</u>: (१) अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो उपभोक्तालाई तोकिए बमोजिमको क्षतिपूर्ति भराई दिनुपर्नेछ।

(२) कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानी नोक्सानी वा क्षति पुर्याएमा मुद्दा हेर्ने अधिकारीले उचित रकम क्षतिपूर्ति बापत भराई दिन सक्नेछ।

४३. <u>अनुसन्धान गर्ने अधिकारी</u>: यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकार प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ।

४४. <u>मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार</u>: (१) यस ऐन बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।

(२) यस ऐन बमोजिम दायर भएको मुद्दाको कारबाही र किनारा संक्षिप्त कार्यविधि अपनाई गर्नुपर्नेछ ।

४५. <u>पुनरावेदन</u>: दफा ४४ बमोजिम जिल्ला अदालतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिन भित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

४६. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>: यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन।

## परिच्छेद–१०
## <u>विविध</u>

४७. <u>भूमिगत पानीको उपयोग</u>: (१) भूमिगत पानीको उपयोग सम्बन्धमा प्रदेश सरकारले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रही प्रदेश सरकार तथा स्थानीय तहले आ-आफ्नो क्षेत्रका लागि आवश्यक मापदण्ड तोक्न सक्नेछन्।

(३) उपदफा (१) बमोजिमको मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४८. <u>समन्वय समिति गठन गर्न सक्ने</u>: (१) प्रदेश सरकारले सेवा सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन तथा सञ्चालन सम्बन्धमा सरकारी निकाय, दातृसंस्था, आयोजना कार्यान्वयन गर्ने संस्था, सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालाहरू बीच समन्वय गर्न आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ समन्वय समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा रहने सदस्य संख्या, गठन विधि तथा सो समितिको काम, कर्तव्य र अधिकार तथा समितिका सदस्यले पाउने भत्ता तथा सुविधा सो समिति गठन गर्दाका बखत प्रदेश सरकारले तोकिदिए बमोजिम हुनेछ।

४९. <u>वित्तीय तथा लगानी संयन्त्र</u>: (१) खानेपानी तथा सरसफाइ क्षेत्रमा आवश्यक वित्तीय स्रोत तथा त्यसको निर्वाध प्रवाहको सुनिश्चितताका लागि प्रदेश सरकारले क्षेत्रगत सरोकारवालाहरू एवम् दातृ निकायहरू समेतको सहकार्यमा पानी बैंक तथा चक्रकोष लगायत अन्य वित्तीय संयन्त्रहरूको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने वित्तिय संयन्त्रहरूको स्थापना, संचालन

लगायतका व्यवस्थाहरू तोकिए बमोजिम हुनेछ।

५०. ऋण तथा सहयोग लिन सक्नेः यस ऐन बमोजिम गठित संस्थान, प्रतिष्ठान,समिति लगायतका सेवाप्रदायक संस्थाले आवश्यकता अनुसार कुनै राष्ट्रिय बैङ्क वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ।

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्नु पूर्व त्यस्तो संस्थाले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

५१. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।